मिति: २०८०/०३/०९ , बैठक संख्या - २०

आज मिति २०८०/०३/०९ गते शनिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/०८० को बिसौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........................................................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........................................................................

१७.आमन्त्रित सदस्य श्री लक्ष्मी चुहान..........................................................................

१८.कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन..........................................................................

मिति: २०८०/०३/०९ , बैठक संख्या - २०

**प्रस्तावहरु:-**

१. आगामी आ. व. २०८०/०८१ को नीति तथा कार्यक्रम स्वीकृति सम्बन्धमा।

२. आगामी आ.व. २०८०/०८१ को प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति सम्बन्धमा।

३. विनियोजन विधेयक, २०८० को स्वीकृति सम्बन्धमा।

४. आर्थिक विधेयक, २०८० को स्वीकृति सम्बन्धमा।

५. अर्थ तथा सार्वजनिक लेखा समिति गठन तथा सञ्चालन कार्यविधि, २०८० स्वीकृति सम्बन्धमा।

६. सुशासन तथा स्थानीय सेवा समिति गठन तथा सञ्चालन कार्यविधि, २०८० स्वीकृति सम्बन्धमा।

७. विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० स्वीकृति सम्बन्धमा।

८. म्याद थप सम्बन्धमा।

मिति: २०८०/०३/०९ , बैठक संख्या - २०

**निर्णय नं. - १**

आगामी आ. व. २०८०/०८१ को लागि वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको नीति तथा कार्यक्रमलाई थप परिमार्जन सहित स्वीकृत गरी गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. - २**

आगामी आ. व. २०८०/०८१ का लागी वजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको बार्षिक वजेट तथा कार्यक्रमलाई स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ३**

आगामी आ. व. २०८०/०८१ का लागि वजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको देहायनुसारको विनियोजन विधेयक, २०८० लाई सर्वसम्मत रूपले पारित गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ४**

आगामी आ. व. २०८०/०८१ का लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको देहायनुसारको आर्थिक विधेयक, २०८० लाई सर्वसम्मत रूपले पारित गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ५**

हिलिहाङ गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०, हिलिहाङ गाउँपालिका सुशासन तथा स्थानीय सेवा समिति गठन तथा सञ्चालन कार्यविधि २०८० र हिलिहाङ गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० स्वीकृत गरी गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. - ६**

हिलिहाङ गाउँपालिकाको चालू आ.व. २०७९/०८० को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार हिलिहाङ गाउँपालिका र युनाइटेड अजोड इन्स्योरेन्स लि. बीच भएको पशु विमा सम्झौताको म्याद समाप्त भएको हुनाले उक्त इन्स्योरेन्स लिमिटेडको माग निवेदन बमोजिम आगामी २०८० असार १५ गते सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।